# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय, अनामनगर
### *सूचना तथा प्रकाशन शाखा*
### थप शैक्षिक योग्यता सम्बन्धमा

**सूचना नं.३९९ /०७०-७१**

मिति २०७० कार्तिक २७ गतेको गोरखापत्र तथा आयोगको सूचनापत्रमा प्रकाशित रा.प.तृतीय श्रेणीको विज्ञापन सूचनामा निम्न सेवा, समूहको विज्ञापनको शैक्षिक योग्यतामा निम्न बमोजिमको व्यहोरा छुट हुन गएकोले थप गरीएको सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

(१) **इञ्जि., सर्भे समूहको लागि -** तर सम्वत् २०६८ साल भदौ १२ गते सूचना प्रकाशित हुनु अघि इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहमा वहाल रहेका कर्मचारीको हकमा त्यस्तो सेवा, समूहमा प्रवेश गर्दा तोकिएको शैक्षिक योग्यता नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

(२) **कृषि सेवाका विभिन्न समूहको लागिः-** मिति २०६९।८।२५ मा प्रकाशित नेपाल राजपत्र भाग ५ को सूचना बमोजिम स्पष्टिकरणमा उल्लेख भएबमोजिम "माथि विभिन्न प्रकरणमा विभिन्न समूहहरुका विभिन्न श्रेणीहरुका लागि तोकिएको शैक्षिक योग्यता यो सूचना प्रकाशन हुनुभन्दा अगाडी सेवा प्रवेश गरेका निजामती कर्मचारीहरुको हकमा लागु हुने छैन र त्यस्ता निजामती कर्मचारीहरुको हकमा साविक नियममा उल्लेखित व्यवस्था अनुसार नै हुने छ ।"